# त्रिभुवन विश्वविद्यालय

## उपकुलपतिको कार्यालय

### योजना महाशाखा

कीर्तिपुर,
काठमाडौं, नेपाल ।

प.सं. ४०० फा. नं. (     ) यो. म. शा. ०६०।६१      मिति:- २०६०।७।२०

श्रीमान् क्याम्पस प्रमुखज्यू,
नारद आदर्श शिक्षा क्याम्पस, बसाहा–९, उदयपुर ।

विषय: स्नातक तहमा तीन वर्षे बी.एड तहको कार्यक्रम स्वीकृति बारे ।

महोदय,

त्यस क्याम्पस/कलेज/प्रस्तावित क्याम्पस/कलेजले शिक्षा शास्त्र संकाय अन्तर्गत स्नातक तहको कार्यक्रममा तीन वर्षे बी.एड. तहको कक्षा संचालन गर्नका लागि दिएको निवेदनमा कारवाही हुँदा शिक्षा शास्त्र संकाय अन्तर्गत उक्त क्याम्पसमा विद्या परिषदको सिफारिसमा निम्न शर्तहरू पालना गर्ने गरी स्नातक तीन वर्षे बी.एड. तहमा अंग्रेजी भाषा शिक्षा, नेपाली भाषा शिक्षा र अर्थ शास्त्र शिक्षा विशिष्टीकरण विषय अध्यापन गर्न पाउने गरी यसै शैक्षिक सत्र २०६०।०६१ देखि कक्षा संचालन गर्न स्वीकृति दिने त्रि.वि. कार्यकारी परिषद्को मिति २०६०।४।२० को निर्णय आवश्यक कार्यार्थ अनुरोध गर्दछु ।

शर्तहरू:

१. कलेज/क्याम्पसमा अध्ययनरत कुल विद्यार्थी संख्याको एक महिनाको शिक्षण शुल्क बराबरको रकम वार्षिक सेवा शुल्कको रूपमा त्रि.वि.लाई बुझाउनु पर्नेछ ।
२. कलेज/क्याम्पस र त्रि.वि.को संयुक्त नाममा रू. ६ लाख ५० हजारको अक्षय कोष खोलेको हुनु पर्नेछ र सो रकम त्रि.वि.को स्वीकृति विना सचालन गर्न पाइने छैन तर सो रकमबाट प्राप्त ब्याज क्याम्पसको शैक्षिक विकास कार्यको लागि खर्च गर्न पाइने छ । खोलिएको अक्षय कोषको रसिदको फोटोकपी प्रमाणीत गरि पेश गर्नु पर्नेछ ।
३. त्रि.वि.को शैक्षिक क्यालेण्डर अनुसार कार्यक्रम संचालन गर्नु पर्नेछ ।
४. त्रि.वि.ले निर्णय गरेको शुल्कहरू नियमानुसार नियमित रूपमा बुझाउनु पर्नेछ ।
५. प्रति वर्ष नियमित रूपमा भर्ना भएका विद्यार्थीहरूको संख्या, विषय समेत खुल्ने गरी / शिक्षकहरूको विवरण र परीक्षा उत्तिर्ण गरेको विद्यार्थीको विवरण त्रि.वि. योजना महाशाखामा पठाउनु पर्नेछ ।
६. प्रत्येक वर्ष नियमित रूपमा क्याम्पसको वार्षिक प्रगति विवरण तथा आर्थिक विवरण त्रि.वि.योजना महाशाखा तथा त्रि.वि. अनुगमन समितिको कार्यालयमा पठाउनु पर्नेछ ।
७. कलेज/क्याम्पसको संचालन तोकिएको स्थानमा नै गर्नु पर्ने छ र यसको कुनै शाखा खोल्न पाइने छैन ।
८. कलेज/क्याम्पसको संचालन नियमावलि अनिवार्य रूपले कक्षा संचालन गरेको एक महिना भित्र त्रि.वि. योजना महाशाखा तथा अनुगमन समितिको कार्यालयमा पेश गर्नु पर्नेछ ।
९. त्रि.वि.ले तोकेको परीक्षा केन्द्रमा विद्यार्थीहरूलाई परीक्षामा सम्मिलित गराउनु पर्नेछ ।
१०. त्रि.वि. परीक्षाको लागि आवश्यक भएमा कलेज / क्याम्पसका भौतिक सुविधा प्रयोग गर्न दिनु पर्नेछ ।
११. त्रि.वि. को नियम विनियम पालन गर्नु पर्नेछ ।
१२. अन्य विश्वविद्यालयसँग सम्बन्धन लिई संचालन गरेको कार्यक्रम यसै आ.व. देखि खारेज गर्नु पर्नेछ ।
१३. कार्यक्रम संचालन गर्न स्वीकृति प्राप्त गरे पछि कक्षा संचालन गर्नु अगावै Core-Course शिक्षा अनिवार्य विषय अध्यापन गर्न गराउनका लागि न्यूनतम द्वितीय श्रेणी एम.एड. उत्तीर्ण र विशिष्टीकरण विषयहरु अध्यापन गर्न गराउनको लागि सम्बन्धित विषयमा न्यूनतम द्वितीय श्रेणी एम.एड. उत्तीर्ण वा न्यूनतम द्वितीय श्रेणी एम.ए.बी.एड. उतीर्ण शिक्षकहरु नियुक्त गर्नु पर्ने छ ।
१४. कार्यक्रम संचालन गर्न स्वीकृति प्राप्त गरेको तीन महिना भित्र सम्बन्धित विषयका आवश्यक पाठ्यपुस्तक र सन्दर्भ सामग्रीहरु खरिद गर्नु पर्नेछ
१५. त्रि.वि. का प्राध्यापकहरु (शिक्षकहरु)ले क्याम्पसमा पठन पाठन गर्ने भएमा त्रि.वि.को स्वीकृति लिएको हुनु पर्नेछ ।

तोकिएका शर्तहरु उल्लेखित अवधि भित्र पुरा गरी सो सम्बन्धि प्रमाणित कागजातहरु शिक्षा शास्त्र संकायमा पेश गर्नु पर्नेछ । अन्यथा प्रदान गरिएको स्वीकृति स्वत: स्थगन हुनेछ ।

नोट:-तोकिएका शर्तहरू पालना नगरीएमा क्याम्पसलाई प्रदान गरिएको अस्थायी सम्बन्धनको स्वीकृति स्थगन अथवा रद्द गरेमा हामी मन्जूर छौं ।

(हिरेन्द्र मान प्रधान)
प्रमुख

उपरोक्त शर्तहरू पालना गर्नेछौं

संचालक समितिको अध्यक्ष :- ..........

क्याम्पस प्रमुख :- ..........

बोधार्थ:-

१. श्रीमान् डीनज्यू,
   शिक्षा शास्त्र संकाय, त्रि.वि., कीर्तिपुर ।
२. श्री परीक्षा नियन्त्रण कार्यालय, त्रि.वि. बल्खु ।
३. श्री अनुगमन समितिको कार्यालय, त्रि.वि.,कीर्तिपुर ।
४. श्री आर्थिक प्रशासन महाशाखा, त्रि.वि., कीर्तिपुर ।
५. श्री सूचना शाखा त्रि.वि., कीर्तिपुर ।